नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 7 Monthly International Edition of Herald of His Coming July 2019

वर्ष २०, अङ्क ७ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (साउन, २०७६)

कष्टको विरुद्ध वचनको तरबार कसरी प्रयोग गर्ने

How to Use the Sword of the Word against Affliction

By William Gurnall

Vol 78 No. 2 (926)

ख्रीष्टियन हुनलाई जीवनका हरेक पाटाहरूमा विभिन्न प्रकारका आँधीहुरी आइरहन्छ, उनीहरूको जीवन त्यस्तो होइन कि जुनचाहिँ काठैकाठले बनेको पहाड र हावाहुरी आउँदा खेरी उसको विरुद्धमा खडा हुन सकोस । ख्रीष्टियन पनि एउटा मानिस नै हो जस्तो अय्युब थिए । अय्युबको जीवनमा थुपै शारीरिक र मानसिक समस्याहरू आए तर आत्मिकी समस्यालाई कसैले पनि छुन सकेन उनले आफू र आफ्नो परिवारलाई परमेश्वरमा वचनमा राखेका थिए । दिनदिनै सिकाउँथे त्यसैले आफ्नो कर्तव्य उनले पूरा गरेका थिए । जब उनको जीवनमा शारीरिक र मानसिक समस्या आइलागे उनी कहिले पनि विचलित भएनन् । परमेश्वरले मात्रै आफ्ना छोराछारीहरू विभिन्न किसिमका समस्या, परीक्षाहरूमा परे तापनि उहाँले उद्धार दिनुहुन्छ । "धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन् तर परमप्रभुले ती सबैबाट उद्धार दिनुहुन्छ । (भजनसंग्रह ३४ : १९) तर पवित्र धर्मशास्त्रले मानिसहरूको दुःखमा मलमपट्टी लगाउन प्रतिज्ञा गरेको हामी पाउँदछौँ । हृदयमा लागेका ठूला ठूला चोटहरू जो चाहिँ डाक्टरले पनि निको बनाउन नसकेको आफ्नो वचनद्वारा परमेश्वरले निको बनाउनु हुन्छ ।

यहाँ भन्न खोजेको कुरा यो हो कि परमेश्वरको वचन मानिसहरूका लागि तरबारको रूपमा काम गर्दछ । जहाँ आवश्यकता छ, त्यहाँ प्रयोगमा ल्याउन सकिन्छ, तपाईंले थाहा पाउन सक्नुहुन्छ कि यो परमेश्वरको प्रतिज्ञा हो जब शैतानले तपाईंलाई विभिन्न किसिमले नैराश्यता ल्याउँछ त्यतिबेला परमेश्वरको वचनद्वारा शैतानलाई हकारेर नै सधैँ आफूलाई पीडामुक्त गर्न सकिन्छ । ख्रीष्टियनहरूलाई परमेश्वरले आफ्नो वचनमा प्रतिज्ञा गरेको कुरा यहाँ हुँदाहुँदै पनि यो बिर्सिन्छन् र अतालिएर यताउता भौँतारिन्छन् । हामीले जान्नुपर्ने कुरा परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुरा पूरा गर्नुहुन्छ भन्ने जान्नु हो तर हामीले ठीक त्यसको विपरीत गरेका हुन्छौँ । यस्तो गर्दा उहाँ खुसी हुनुहुन्छ, परमेश्वरको वचनले यो भन्दछ कि "हे मेरा, मानिस हो, जाओँ, तिमीहरू आफ्नो कोठाहरूमा पसेर ढोकाहरू थुन । उहाँको क्रोध शान्त नहुन्जेल केही समयको निम्ति लुकी बस ।" (यशैया २६ : २०)

परमेश्वरको प्रतिज्ञालाई ध्यान गर: मानिसहरूको समस्या भनेको नै परमेश्वरको प्रतिज्ञालाई भन्दा आफ्नो आवश्यकतालाई ध्यान दिनु हो तर परमेश्वरको प्रतिज्ञाले अत्यन्त शक्तिशाली काम गरिरहेको हुन्छ । जब एउटा सानो बच्चा उसको आवश्यकताको निम्ति चिच्याउँछ उसको आमाबुबाले वास्ता गरेको हुन्छ त्यस्तै एउटा ख्रीष्टियन साँचो परमेश्वरसँग चिच्याउँछ भने कति धेरै आफ्ना प्रतिज्ञाले परमेश्वरले उसलाई मजबुत बनाउनुभएको हुन्छ । र उसको हृदयमा उनीहरूलाई मलमपट्टी लगाइदिनुहुन्छ । भजन लेखकले यसरी लेखिएका छन्, "जब मेरो मनमा ज्यादा फिक्री भयो, तपाईंको सान्त्वनाले मेरो प्राणलाई आनन्दित

तुल्यायो ।" (भजनसंग्रह ९४ : १९)

एउटा मौरीले आफ्नो चाकामा मह संकलन गर्नको निम्ति धेरै चोटि रस खोज्न जानुपर्छ र उसले फूलबाट रस तान्नको निम्ति कति धेरै परिश्रम गर्दछ । हामी पनि परमेश्वरको वचनमा भएको शक्तिले कुरा पत्ता लगाउनको निम्ति त्यो भन्दा बढी परिश्रम गर्नुपर्दछ । कति चोटि मौरीको चाकाबाट मानिसले रस निकालेर लगेजस्तै हाम्रो हृदयमा भएका परमेश्वरको वचन जुन चाहिँ महजस्तै छ शैतानले खोजिदिन्छन् त्यसैले हामी सधैँभरि उहाँको प्रतिज्ञालाई बिर्सनु हुँदैन । जब परीक्षा आउँछन् परमेश्वरको वचनलाई राम्रोसँग प्रयोगमा ल्याउनु पर्छ यो हाम्रो निम्ति हरेक किसिमका दुःख र कष्ट पार गर्नसक्ने माध्यम बन्न सक्छ । जब हामी उहाँको वचन राम्रोसँग ध्यानमा राख्छौँ र आफ्न कुमार्गहरू छोड्छौँ उहाँले हामीलाई प्रशस्त दिनुहुन्छ । भजन लेखकले यसरी भन्दछन्, "परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर । मानिस आफ्नो कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान ।" (भजनसंग्रह ३७ : ७)

हामी ख्रीष्टियनहरू परमेश्वरले बनाउनुभएको प्रकृतिका थोकहरूमा खुसी हुनुपर्ने, रमाउनुपर्ने, परमेश्वरलाई धन्यवाद दिनुपर्ने तर त्यसको ठीक विपरीत गनगन र कचकच गरिहेका हुन्छौँ हरेक खुसी कुरा पाउँदा म आफूले गरेको हो भन्छौँ जब जीवनमा दुःख आउँछ खै त परमेश्वरले गर्नुभएको ? भन्छौँ बाइबलमा पनि थुप्रै ठाउँमा हामी मानिसहरूको दुर्बलतालाई प्रभुले निको बनाइदिउको पाउँछौँ । हामीहरूसँग दिनदिनै परमेश्वरमा खुसी नभईकन दुर्बलताका कार्यहरू धेरै भइरहेका हुन्छौँ । लूकाले यसरी लेख्दछन्, "येशूले त्यसलाई देख्नुभयो र बोलाएर भन्नुभयो ए नारी तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ । (लूका १३ : १२)

त्यो स्त्री जसलाई १८ वर्षदेखि दुर्बल पर्ने आत्मा लागेको थियो र ती कुप्री परेकी थिई, ऊ सिधा हुनु पनि सक्दैन थिइ जब प्रभुले भन्नुभयो- तिमी मुक्त भएकी छौ त्यसपछि त्यो स्त्री सिधा भएर परमेश्वरको प्रशंसा गर्न थाली ।

प्रभुले आफ्नो प्रतिज्ञा अनुसार आफ्ना विश्वासीहरूको बीचमा काम गर्नुहुन्छ । कुनै किसिमको ठूलो दुर्घटनामा आफ्नो प्रतिज्ञालाई मानिसको बीचमा ल्याउनुहुन्छ । उहाँले संसारका मानिसहरूलाई पनि एउटै प्रतिज्ञा गर्नुभएको छ । तर तिनीहरूलाई परमेश्वरको प्रतिज्ञामा रहेर काम गर्नुपर्छ भनेर थाहा छैन तर ख्रीष्टियनहरू परमेश्वरको प्रतिज्ञालाई राम्रोसँग बुझेका हुन्छौँ र प्रयोगमा ल्याउँछौँ र आफ्ना गवाहीहरू अरुलाई बताउँछौँ परमेश्वरको प्रतिज्ञालाई एकबाट अर्कोमा सदै लैजान्छ ।

विचार गर्नुहोस् वचनमा गरिएको अध्ययनलाई उनीहरूले आफ्नो दिनप्रतिदिनको जीवन लागू गर्दछन् । परमेश्वरको प्रतिज्ञा अरुलाई दिनको लागि पछाडि नपर्नुहोस् । प्रतिज्ञा अरुलाई बाँड्नको निम्ति उत्साहित हुनुहोस् जस्तै परमेश्वरले अब्राहमलाई स्वर्गदूतहरूसँग रहनको निम्ति बोलाउनु भएर प्रतिज्ञा ग गर्नुभयो, त्यस्तै हामीहरूलाई पनि उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्न चाहनुहुन्छ । परमेश्वरको वचनलाई हामीले विशेष गरेर मालाको रूपमा गलामा भिरिरहनुपर्छ । परमेश्वरको वचनले यसरी भन्दछ, "मेरा प्रेमीले मेरो छातीमा झुण्डिने मुर्रले भरिएको थैलीजस्तै मलाई लाग्छ ।" (श्रेष्ठगीत १ : १३) अर्को शब्दमा भन्ने हो भने दुःखलाई हामी जति अरुसँग बाँड्छौँ त्यति नै हामीलाई हलुका हुन्छ । हाम्रो दुःख सुनिदिने येशूमात्र हुनुहुन्छ । उहाँको सुन्दरता हाम्रो निम्ति गहना जस्तै हो ।

जब एउटा ख्रीष्टियनको निम्ति साधन औषधीको खाँचो पर्छ उसको विश्वासअनुसार उसले ख्रीष्टलाई हेर्न सिक्नुपर्छ । जसले आफ्नो विश्वासअनुसार परमेश्वरलाई हेर्छ । ऊ यहाँ यहाँ आनन्द गर्न सक्छ । उसको थाकेको समय र अगाडि पछाडि गर्न नसक्ने समयमा परमेश्वरले आफ्नो काँधमा बोकेर "जब मेरो हृदय व्याकुल हुन्छ, पृथ्वीको पहिलो छेउदेखि म तपाईंको कृपालाई हेर्दछु मलाई त्यो चाहनामा लैजानुहोस् जो मभन्दा अग्लो छ ।" (भजनसंग्रह ६१ : २) यसरी साधारण हृदय भएर गर्न सकिँदैन जसलाई आत्मिकी औषधीको खाँचो पर्छ उसले परमेश्वरलाई पुकारेमा सधैँभरि शक्तिशाली बाहुलीद्वारा चलाउनुहुन्छ ।

आत्मिकी बाटोमा हिँडिरहेको बेलामा सांसारिक रमाहटले हामीलाई बाटो परिवर्तन गर्न बाध्य बनाउँछ । त्यसो नभईकन हामी परमेश्वरको आत्माद्वारा भरिपूर्ण भएर पवित्र जीवन जीउँदै उहाँले प्रतिज्ञालाई सम्झिँदै अगाडि बढ्नुपर्छ यदि हामी परमेश्वरलाई प्रशंसा गर्दा सन्तुष्टि भएन भने हामीले गरेको प्रशंसा परमेश्वरकहाँ पुग्न सक्दैन तर होसियारसाथ परमेश्वरको प्रतिज्ञालाई प्रयोगमा हसाएर औषधीको रूपमा हाम्रो हृदयलाई सन्तुष्टि बनाउनु पर्छ । हरेक प्रकारले कष्टमा हामी उहाँलाई पुकार्न सक्नुपर्छ । यसरी भन्दछन् कि "मभित्र मेरो हृदय स्थापित भयो, जति सोचे त्यति नै पवित्र आगो दन्कियो । तब मैले मुख

खोलेर भनें ।" (भजनसंग्रह ३९ : ३)

उहाँको अनुग्रहमा बिन्ती गर्नु : मानिसको हृदयको औषधी भनेको प्रार्थना हो, हाम्रो प्रार्थना उहाँमा जाहेर हुन्न र आफ्नो प्रतिज्ञा हामीमाथि पूरा गर्नु नै खीष्टियनहरूको औषधी हो उहाँको वचनले हाम्रो जीवनमा औषधीको रूपमा पीडायुक्त गराउँदछ । हामी सधैँ परमेश्वरको वचनलाई तरबारजस्तै गरी प्रयोग गर्यौं भने हाम्रो बीचमा आउने विभिन्न किमिसका कष्टहरूलाई मुक्त गरिकन उहाँको कार्यमा लाग्न सक्छौं तर यदि हामी प्रार्थना गर्दैनौं भने हाम्रो विश्वास दरो छैन भने उहाँको प्रतिज्ञाले पनि काम गर्दैनौ त्यो प्रतिज्ञा हाम्रो निम्ति औषधी पनि हुन सक्दैनौं । विश्वास साथ प्रार्थना गर्नेहरूको लागि परमेश्वरको वचनले यसरी भन्दछ, "यो देखेर थिचोमिचोमा परेकाहरूरमाउँनेछौ । हो परमेश्वरलाई खोज्ने हो तिमीहरूको हृदय जीवित होस् ।" (भजनसंग्रह ६९ : ३१) "उहाँलाई हेर्नेहरू उज्वल हुन्छन् तिनीहरूको शिर शर्मले झुक्ने छैन । (भजनसंग्रह ३४ : ३) यदि हामीले प्रार्थना गर्छौं भने उहाँको दया हामीमाथि पूर्ण छ ।

जब हामी प्रार्थना गर्छौं र बिन्ती चढाउँछौं यसले फल फलाउन आवश्यक छ जब हाम्रो प्रार्थनामा फल फल्छ त्यो पनि औषधीजस्तै हो । यदि हामीले गरेको प्रार्थना उत्तर अर्थात् फल फलेन भने हाम्रो हृदयलाई चोट पुग्न सक्छ त्यसैले दाउदले यसरी भन्दछन्, "आफ्नो दासलाई दिएको वचन सम्झना राख्नुहोस् किनकि तपाईले मलाई आशा प्रदान गर्नुभएको छ ।" (भजनसंग्रह ११९ : ४९)

प्रभुले आफ्नो प्रतिज्ञालाई तपाईंको विश्वासमा काम गर्नुभएजस्तै गरी प्रयोगमा ल्याउनु होस् । खीष्टियनहरूले जबसम्म आफ्नो प्रतिज्ञालाई देखाउनु हुन्न उनीहरूले विश्वास गर्दैन उनीहरू सधैं भिन्न खोजिरहेको हुन्छ । कारण उनीहरूको विश्वास परमेश्वरको वचनमा कम भएको हो हामी खीष्टियनहरूले जहिले पनि प्रार्थना गर्दा उहाँको कार्य गर्दा हाम्रो जीवनमा आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ भनेर पूर्ण विश्वास हुनुपर्छ । धेरै मानिसहरू उनीहरूको विशवासको कारणले महान् परमेश्वरलाई पनि कमजोर बनाइरहेको हुन्छ तर, उहाँले आफ्नो काम गर्न कहिले पनि पछ हट्दैनन् । येशूले तिनीहरूलाई यसरी भन्नुभयो, "अल्पविश्वासी मानिस हो तिमभिहरू किन डराउँछौं ? तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो र आँधी बिल्कुल शान्त भयो ।" मत्ती ८ : २७ यहाँ हामीले देख्दछौं कि चेलाहरूका विश्वास अति नै कम भएको । उनीहरू खीष्टसँगै हुँदा पनि हामीसँग बीचमा छ भन्ने कुरा कहिल्यै सम्झिन सकेनन् सधैंभरि विजयलाई होइन हारलाई मात्र हेरिरहे यसकारण येशूले तिनीहरूलाई भन्नुभयो अल्पविश्वासी ।

जब हामी उहाँको शक्ति र प्रतिज्ञालाई हाम्रो विश्वास शक्तिसँग मिलाउन डराउँछौं हामी कहिले पनि हार खानु पर्दैन । अब्राहमले आफ्नो उमेर पुगिसक्दा पनि परमेश्वरले मलाई सन्तान दिनुहुन्छ । अति विश्वास गरेका थिए त्यसकारण उनले पाए । "प्रायः सय वर्ष पुगिसकेका अब्राहम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विशवासमा कमजोर भएनन् । परमेश्वरको प्रतिज्ञाबारे कुनै शंकाले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए" (रोमी ४ : १९ - २०)

त्यस्तै गरेर जकरिया पनि आफ्नो विश्वासले परमेश्वरको प्रतिज्ञामा थामिरहेका थिए । तर थोमसलाई हेर्‍यौं भने सबैजना खीष्टको पुनरुत्थानमा रमाइरहेका थिए उनले भने म आफ्नो आँखाले नदेखेसम्म र हातले नछौंउसम्म विशवास गर्दिन । जब उनले छोए र देखे उनी साक्षी र गवाही बने त्यसरी कतिचोटि हामी खीष्टियनहरू आफ्नै आँखाले उहाँको प्रतिज्ञा हाम्रो जीवनमा पूरा नभएसम्म कम विश्वास गर्छन्, हामीलाई परमेश्वरको वचन ज्वलन्त उदाहरण छ । पवित्र धर्मशास्त्र बाइबलमा हामीले मनैं परे तापनि उहाँको वचनदेखि टाढा हुनुहुँदैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि उहाँदेखि टाढा हुन्छौं । पावलले यसरी भन्दछन्, "यसकारण मित्र हो, ग्रहण गर्नुहोस् म परमेश्वरमा विश्वास गर्दछु मलाई जस्तो बताउको छ ठीक त्यस्तै हुनेछ ।" (प्रेरित २७ : २९)

जब पत्रुस झ्यालखानामा परेका थिए स्वर्गदूत अचानक देखापरेर । उनलाई भने "अचानक प्रभुका एउटा स्वर्गदूत त्यहीं देखा परे र कोठरीमा ज्योति चम्क्यो । स्वर्गदूतले पत्रुसलाई कोखामा हिर्काए अनि "छिटो उठ्" भनेर तिनलाई जगाए । तब साङ्लाहरू तिनका हातबाट फुस्केर खसे । स्वर्गदूतदरुले तिनलाई भने, "लुगा लगाउ र जुत्ता लाऊ ।" तब तिनले त्यसै गरे । उनले तिनलाई भने, "खास्टो ओढेर मेरो पछिपछि लाग ।" (प्रेरित १२ : ७ - ९)

पत्रुस जब जेलबाट छुटे उनी जहाँ प्रार्थना भएको थियो त्यही ठाउँमा पुगे तर त्यही ठाउँमा प्रार्थना गरिरहेका मानिसहरूले उनको उपस्थितिलाई विश्वास गर्न सकेनन् र भने यो सम्भव

छैन त्यो कुनै भुत होला । पत्रुस भित्रै गएर आफ्ना सबै गवाही दिएपछि मात्र मानिसले विश्वास गरे । कतिचोटि मानिसको दृष्टिकोण असम्भव कुराहरू परमेश्वरमा सम्भव हुन्छ तर मानिसले विश्वास गर्न सक्दैन तर मानिसले आफ्नै आँखाको अगाडि परमेश्वरको विश्वासयोग्यता आफ्नो प्रतिज्ञामा पूरा गर्नुभएको थाहा हुँदैन । हामीले परमेश्वरको प्रतिज्ञालाई बिर्सेका हुन्छौं । उहाँले आफ्नो वचनमा यसरी प्रतिज्ञा गर्नुभयो, "तिमीहरूका जीवन रूपैयाँ पैसाको मोहबाट अलग गर । तिमीहरूसँग भएका कुरामा सन्तुष्टि बस किनकि उहाँले भन्नुभएको छ, म तिमीहरूलाई कुनै रीतिले छोड्ने छैन र त्याग्ने छैन ।" (हिब्रू १३ : ५) "तर मलाई उहाँले भन्नुभयो मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ यसकारण ख्रीष्टको शक्ति ममा बास गरोस् भनेर म बरु मेरा दुर्बलतामा बढी खुसीसाथ गर्व गर्नेछु ।" (२ कोरिन्थी १२ : ९) "उचाइले र गहिराइले सारा सृष्टिमा भएको कुनै पनि कुराले ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्ने छैन । (रोमी ८ : ३९) ।

चाहे यहूदी होस् चाहे ग्रिक होस्, चाहे गैरयहूदी होस् जोसुकैलाई पनि हाम्रा परमेश्वरले उहाँमा विश्वास गर्नेहरूका लागि आफ्नो वचनका प्रतिज्ञा गर्नु भएको छ । जसले ख्रीष्टलाई उहाँको वचनद्वारा देख्छ र विश्वास गर्छ त्यसलाई उहाँले प्रतिज्ञा गरेअनुसार पूरा गर्नुहुनेछ । ख्रीष्टको शक्तिले पूर्ण शक्तिशाली बनाउनुहुनेछ । उसको जीवनबाट परमेश्वरले अचम्मको काम गर्नुहुनेछ ।

आफू बाँचेको अनुभव गर र अरूलाई बाँड

You can experience and share Revival

By Wesley L. Duewel

Vol 77 No. 11 (923)

परमेश्वरले जो मानिस उहाँमा विश्वासयोग्य हुन्छ, त्यसलाई आत्मिकी आनन्दले आशिषित तुल्याउनु हुन्छ । जब हामी परमेश्वरमा विश्वास गर्छौं । आफूलाई आत्मिक रूपमा जीवित भएको पाउँछौं । यो समयमा कहिलेकाहिँ हामी परमेश्वरको आत्माले उत्तेजित भएका हुन्छौं र अरूलाई मण्डलीमा ख्रीष्टमा बाँचेको नदेख्न पनि सक्छौं । कहिलेकाहीँ मण्डलीको अगुवाहरूले पनि त्यस्तो महसुस गरिरहेका हुन्छन् । परमेश्वरको राज्यमा जबसम्म आफू जीवित हुँदैन अरूलाई पनि नाङ्गो देखिरहेको हुन्छ । सबै विश्वासीहरूलाई परमेश्वरले छोएर उनीहरूको जीवनलाई परिवर्तन गर्न आवश्यक हुन्छ । ती मानिसहरू परमप्रभुतिर फर्कनु अति नै आवश्यक हुन्छ । यसको लागि पश्चातापको खाँचो हुन्छ । परमेश्वरको वचनले यसरी भन्छ, "यसकारण पश्चाताप गर्नुहोस् र फर्कनुहोस् कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्, "(प्रेरित ३ : १९) आत्मिकी विश्वासीहरूले लगातार परमेश्वरबाट दर्शन पाइरहनु पर्छ । यो सुसमाचार प्रचार गर्ने र मानिसहरूलाई जागरुक बनाउने पवित्र आत्माको शक्ति हो । पवित्र आत्माले उसलाई परमेश्वरतिर फर्कन सजिलो बनाइदिनु हुन्छ ।

१. तपाईं कसरी आफ्नो निम्ति प्रार्थना गर्नुहुन्छ ? तपाईंको हृदयले आत्मिक जागृति खोजेको छ भन्ने कसरी थाहा पाउनु हुन्छ ? परमेश्वरबाटको आशिष लिनुपर्छ, भन्ने कसरी थाहा पाउनुहुन्छ ? तल केहि प्रार्थनाका लागि सुझावहरू छन् :

- जब तपाईं चर्चमा गएर प्रार्थना र संगति गर्नुहुन्छ त्यो समयमा कुनै किसिमको आत्मिकी संगति गर्न मन लाग्दैन ।
- तपाईं आफैंले आफैंलाई पवित्र आत्मामा जन्मेको महसुस गर्न सक्नुहुन्न र कसैलाई पनि प्रेमको स्वभावले हेर्न सक्नुहुन्न ।
- अरू दु:ख र खाँचोमा परेको समयमा तपाईं दयालु बन्न सक्नुहुँदैन ।
- यदि तपाईंले कसैलाई आफ्नो जीवनबाट दया देखाउनु चाहँदा पनि तपाईंको हृदयले आफैंलाई ठूलो बनाउने काम गरिरहेको हुन्छ ।
- यी सबैले गर्दा हामी कहिलेकाहीँ सुख्खा भएको महसुस गर्छौं र व्यक्तिगत आत्मिकी जिउँदोपनाको खाँचोको महसुस गर्छौं। जब हामीलाई यस्तो महसुस हुन्छ, हामी लगातार परमेश्वरको नजिकमा जानुपर्छ र उहाँबाटको आशिष लिनुपर्छ ।

२. तपाईं कसरी समूहका मानिसहरू बाँच्नु भनेर प्रार्थना गर्नुहुन्छ ? यी मानिसहरूलाई प्रार्थनाको खाँचो छ भन्ने कुरा कसरी थाहा पाउन सक्नुहुन्छ ?

- कहिलेकाहीँ मण्डलीका विश्वासीहरूको बीचमा परमेश्वर हुनुहुन्छ भनेर व्यक्तिगत समूहको

नियमित बाइबल पढ्ने बानी बसाऔं

बीचमा बोल्न लगाउनुहुन्छ । त्यो समयमा खुसीसाथ परमेश्वरलाई धन्यवाद दिइरहनु पर्छ ।

- मानिसहरूले जब लगातार प्रार्थना गर्दैनन् ? उनीहरू जीवित भएको देखिँदैन, उनीहरूले परमेश्वरको वचनलाई उत्सुक भएर अध्ययन र प्रार्थना गर्दैनन्, त्यहीअनुसार परमेश्वरलाई प्रशंसा गर्न सक्दैनन्, यी बाट थाहा हुन्छ कि यिनीहरू जीवित हुन खाँचो छ ।
- जब मण्डलीका सदस्यहरू पापको बारेमा निश्चित हुन्छन्, हाम्रो नैतिक जिम्मेवारी उनीहरूलाई बाटो देखाउनु हो र उनीहरूलाई खीष्टमा डोऱ्याउनु हो ।
- कहिलेकाहीं परमेश्वरको आत्माले अरूको निम्ति गवाही दिइरहनु भएको हुन्छ, यो समयमा उनीहरूलाई उत्साह दिनुपर्दछ र परमेश्वरलाई खुसीसाथ दिनुपर्छ भन्ने सिकाउनुपर्छ । जब मानिसले दर्शनको कमीको महसुस गर्छन्, उनीहरूलाई परमेश्वरको इच्छा परमेश्वरको दर्शन देखोस् भन्ने हो भनेर उत्साह दिनुपर्छ ।
- कहिलेकाहीं मानिसहरूको बीचमा क्षमा आदनप्रदान नभएको हुन सक्छ त्यसमा पनि उनीहरूलाई क्षमा दिनुपर्छ भनेर उत्साह दिनुपर्छ ।

३. तपाईंको प्रार्थनाले जागृतिको निम्ति बाटो निर्माण गर्छ । हामी पवित्र आत्माद्वारा परमेश्वरका छोरा-छोरीलाई आत्मिकी बाटो तिर डोऱ्याउन सहायता गर्न सक्छौ । आत्मिकी नैतिक जीवनले मानिसहरूको विचमा जागृति ल्याउन सक्छ । यी साधारण कुराले विश्वासीहरूको बीचमा आनन्द ल्याउन सक्छ । तलका केही उदाहरणले मानिसलाई परमेश्वरको नजिकतामा पुऱ्याउन सक्छ :

- **पवित्रआत्माद्वारा उहाँको गहिराइमा रहन प्रवल इच्छा राख -** जो मानिसहरू परमेश्वरको नजिकतामा रहनको लागि प्रबल इच्छा राख्दछ उसलाई परमेश्वरले सबै भन्दा पहिलो प्रेम र शक्ति दिनुहुन्छ । परमेश्वरले मण्डलीलाई प्रार्थनाको निम्ति बोलाउनुहुन्छ । यदि तँपाइलाई परमेश्वरको मानिसहरूको विचमा पवित्र आत्माको काम भएको होस् भन्ने चाहना छ भने पवित्र आत्मासँग माग्नुहोस् कि उहाँको इच्छा आत्माले पुरा गर्नु भएको होस् । उहाँहरूको तृष्णालाई परमेश्वरको अलौकिक शक्तिद्वारा काम गर्नुभएको होस् भनेर मण्डलीको निम्ति प्रार्थनामा जोड दिनुहोस् ।
- **तपाईंको प्रार्थनामा उहाँको बोझ हालीदिनु भएको होस् भनेर प्रार्थना गर्नुहोस्-** प्रार्थनाको बोझ भनेको परमेश्वरबाटको बहुमुल्य उपहार हो भन्ने सोचाइद्वारा उहाँको उदेश्यलाई पुरा गर्नुपर्छ । यो जुनसुकै ठाउँमा भएपनि मण्डलीमा होस या मिसन सेन्टरमा होस या सुसमाचार प्रचार गर्ने ठाउँमा होस परमेश्वरको आत्मिकी उपस्थिती उहाँका अन्तर बिन्ती गर्ने प्रार्थनाका योद्धा सँग हुनुपर्छ । धेरै वर्ष अगाडि एकजना प्रभुको सेवकले भन्नु भएको थियो, खिष्टियनहरू प्रार्थनाका योद्धा हुन्छन् किनकी उनीहरूको प्रार्थनामा परमेश्वरको शक्ति छ । बाइबलको पदले पनि यसरी उत्साह दिन्छ : (यशैया ६२ :६ - ७)"मैले तेरा पर्खालहरूमा पहरा बस्नेहरू राखेको छु, ए यरुशलेम । तिनीहरू न त दिनमा न रातमा चुपचाप बस्नेछन् । हे परमप्रभुलाई पुकार्ने हो, विश्राम नलेओ, र जबसम्म उहाँले यरुशलेमलाई स्थापित गरेर त्यसको महिमा पृथ्वीभरि फिजाउनुहुन्न, तबसम्म उहाँलाई विश्राम गर्न नदेओ ।" सेवक जो प्रार्थनाको योद्धा हुनुहुन्थ्यो उहाँले सधै हृदयदेखी प्रचारक हरूको लागि प्रार्थना गर्नुहुन्थ्यो । विशेस गरेर चिनलाई केन्द्रविन्दु बनाएर, विभिन्न सहरहरूको निम्ति प्रार्थना गर्दै आफ्नो नोटबुकमा लेख्नुभएको रहेछ । उहाँको मृत्युपछि, कसैले उहाँको त्यो नोटबुकलाई भेटेर पढ्दा २० ओटा भन्दा बढिको सहरको नाम लेखेर प्रार्थना गर्नुभएको रहेछ । त्यो ठाउमा साचि नै प्रार्थनाको जागृति आएको थियो । उनको प्रार्थनाको कारणले यो ठाउँमा परमेश्वरले प्रार्थनाको जागृति पठाउनु भएको रहेछ । जुन चाहि त्यो समयमा अरू कोहि मानिसलाई पनि थाहा थिएन ।

  जब उनको मृत्यु भयो धेरै वर्षपछि मानिसले थाहा पाए कि उनको प्रार्थनाले गर्दा परमेश्वरले चिनका विभिन्न सहरहरूमा काम गर्नुभएको रहेछ र त्यहाँ मानिसहरूको विचमा प्रार्थनाको जागृति आएको रहेछ ।
- **विश्वासद्वारा उहाँको प्रतिज्ञालाई दाबी गर्नु -** परमेश्वरले उहाँको करार पूरा गर्नुहुन्छ र उहाँका प्रतिज्ञाहरू सत्य छन् । परमेश्वरसँग हृदयदेखि नै उहाँका प्रतिज्ञाहरूलाई प्रार्थनाद्वारा माग्नुपर्छ । घरिघरि उहाँको

प्रतिज्ञालाई प्रयोग गरेको हामीले (२ इतिहास ७ : १४) लाई पाउँदछौ । तर त्यहाँ अरू धेरै अचम्मका प्रतिज्ञाहरू पनि छन् । पवित्र आत्माले ति प्रतिज्ञालाई तपाईंको हृदयमा ल्याइदिनु हुन्छ ।

- **प्रार्थना गर्दा तपाईंको हृदयलाई नम्र बनाउनु-** तपाईंले परमेश्वरको अगाडि तपाईंलाई खाँचो भएका कुराहरू बताउनुहोस् । परमेश्वरले जो नम्र छ त्यसलाई प्रसस्त अनुग्रह गर्नुहुन्छ । "किनकि सदासर्वदा जीवित हुनुहुने उच्च र श्रेष्ठ, जस्को नाउँ पवित्र हो उहाँ भन्नुहुन्छ, म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चातापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चातापी र विनम्र छौ ।" । (यशैया ५७ : १५)
- **परमेश्वरसँग आफ्नो प्रार्थनाको साथीको निम्ति अगुवाइ माग्नु र सहमती हुनु-** जो मानिस तपाईंसँग पवित्र आत्मामा एक भएर आफ्ना बोझहरू बाँडचुड गर्छ, उसको प्रार्थना सुन्नलाई उहाँ उसको नजिकै हुनुहुन्छ । परमेश्वरको वचनमा यसरी लेखेको छ, "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ ।" (मत्ती १८ : १९) संसारिक मानिसहरूले आफ्ना छोराछोरीले माग्दा उसको खुसीको निम्ति नदिरहन सक्दैन भने हाम्रो परमेश्वर कति असल उहाँले प्रशस्त गरी दिनुहुन्छ । धेरै वर्ष अगाडि स्कटल्याडमा दुईजना बाइबल स्कूलका महिलाहरू, दिदी बहिनीहरूको बीचमा जागृति आओस् भनेर एउटै मनको भएर प्रार्थना गर्नुभयो जहाँ खिष्टियनहरूलाई अति नै दुःख दिइएको थियो । त्यो दुई दिदी बहिनीले प्रत्येक राती एक ठाउँमा बसेर त्यो गाउँको जागृतिको निम्ति लगातार प्रार्थना गरिरहे । लामो समयपछि एक जना वक्तालाई बोलाएर सुसमचारीय सेमिनार गरे जब यी व्यक्तिले त्यहाँका स्थानिय मानिसहरूको विचमा बचन प्रचार गरे, परमेश्वरले थुप्रै मानिसहरू आफ्नो राज्यमा ल्याउनुभयो अथवा धेरै मानिसले प्रभू येशूलाई आफ्नो मुक्तिदाता भनेर स्विकार गरे । धेरै मानिसहरू पवित्र आत्माको शक्तिमा परिवर्तन भए । त्यहाँ मुख्य ती दुई महिलाहरूले गरेको प्रार्थनाको नतिजा थियो । जब हामी दुई जना सहमती भएर प्रार्थना गर्छौं । परमेश्वरले प्रशस्त आशिष दिनुहुन्छ । जागृति परमेश्वरबाट आउँछ तर मानिसहरू नम्र हुनुपर्छ र एउटा कुरामा सहमती भएर उहाँमा माग्नुपर्छ ।
- **विशेष प्रार्थना संगतिमा अरूलाई पनि बोलाउनु-** परमेश्वरको उपस्थितिमा जानुको निम्ति आफ्ना साथीहरूलाई पनि बोलाउनुपर्छ र सँगै राखेर अन्तर्राबिन्ति प्रार्थनामा सहभागी बनाउनु पर्छ । जहाँ परमेश्वरको उत्तरको अनुभव उनीहरूले पनि गर्न सकून । जब अन्तरविन्ती प्रार्थना गरिन्छ, त्यस ठाउँमा सहरका मण्डलीहरू र गाउँ-गाउँका मण्डलीहरूका अगुवाहरूलाई पनि एकै ठाउँमा राखेर प्रार्थनाका विषयहरू बाँड्न लगाउनुपर्छ र एकै मनको भएर प्रार्थना गर्नुपर्छ, जहाँ परमेश्वरको उत्तर आउँछ त्यही ठाउँमा नै गवाही स्वरूप परमेश्वरलाई धन्यवाद दिँदै परमेश्वरको उत्तरको महसुस गराउनुपर्छ । यस्तो प्रकारको प्रार्थनालाई राष्ट्रिय रूपमा लिनुपर्छ । एउटा सानो गाउँबाट सुरु भएको प्रार्थना जसले गाउँ सहरलाई भराउँदै राष्ट्रनै पूरा गर्दछ । मानिसहरूको हेराइमा एकजना मानिसले एउटा सहरमा सुरु गरेको प्रार्थनाको कारणले देश मा कुनै पनि समयमा जागृति आउन सक्छ ।
- **प्रार्थना गर्दा तुरुन्तै उत्तर पाएन भनेर चिन्ता नगर्नु -** कहिलेकाहीं स्थानीय रूपमा अथवा राष्ट्रिय रूपमा प्रार्थना गर्दा हाम्रो उत्तर महिनौ वा वर्षै पनि नपाउन सक्छौं । तर त्यसको लागि प्रार्थना गर्न नछोड्नुहोस् । परमेश्वरको समयमा उहाँले उत्तर दिनुहुन्छ । गलातीमा लेखकले यसो भन्दछन, "भलाई गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौ भने ठीक समयमा हामी कटनी गर्नेछौ" । (गलाती ६ : ९)

याद गर्नुहोस्, तपाईंले परमेश्वरले दिनुहुने जागृतिलाई बन्द गर्न पाउनुहुन्न । तपाईंले उहाँका मानिसहरूलाई गर्ने सहायतालार्य बन्द गर्न पाउनु हुन्न । उहाँले मानिसद्वारा काम गर्न चाहानुहुन्छ । तपाईंलाई यो कुरा थाहा नहुन पनि सक्छ तर याद राख्नुस परमेश्वरले तिनीहरूबाट नै बाटो खोल्दै हुनुहुन्छ । तर तपाईंले थाहा गर्नुपर्छ कि परमेश्वरले सधै मानिसहरूको आफ्नो पाप क्षमा मागेर उहाँको चरणमा आएको चाहानुहुन्छ । परमेश्वरको इच्छा सधै आफ्ना मान्छेहरूलाई भेट्ने हुन्छ । के तपाईं उहाँको उपस्थितीमा रहन चाहानुहुन्छ ? यो गर्नुहोस् र उहाँले आशिष दिनुहुनेछ ।

भाँचिएको हृदयलाई परमेश्वरले पुनर्जीवित पार्नुहुन्छ

Brokness The Heart God Revires

घमण्डी मानिसहरूले जहिले पनि अरूको असफलतालाई चासो दिन्छ । मानिसको हृदय जब भाँचिन्छ अनि उनीहरूलाई आत्मिक शक्तिको आवश्यकता हुन्छ ।

घमण्डी मानिसहरूमा आलोचनाको आत्मा, गल्ती खोज्ने आत्मा र अरूहरूको गल्तीलाई मात्रा सुक्ष्म दर्शक यन्त्रले जसरी खोज्दै हिँड्छ । टुटेको हृदय भएको मानिस भिम दयालु, हृदय हुन्छ, उनीहरू क्षमा दिने र क्षमा लिने व्यक्तिहरू हुन्छ, किनभने उनीहरूलाई थाहा हुन्छ कि क्षमाले नै भाँचिएको मनहरूलाई जोड्दछ ।

घमण्डी मानिसहरू आफै स्वस्क्यौ धार्मीकता बनेर हिँड्छ । उनीहरू अझ मानिसहरू भन्दा बढी धर्मी बन्न खोज्छ । टुटो मानिसहरू अरू मानिसहरू भन्दा उत्तम हुन्छ ।

घमण्डी मानिसहरू स्वतन्त्र हुन्छ र आफैमा पर्याप्त छ भनि घमण्ड गर्छ टुटेको मानिसहरूमा आत्ममा निर्भर हुन्छ, उनिहरू अरूको पहिचानको आवश्यकता हुन्छ ।

घमण्डी मानिसहरू आफैले आफैलाई म सही (ठिक) छु भनि घमण्ड गर्छ टुटेको मानिसहरू अरूको इच्छामा ठिक वा बेठिक निर्धारण गर्दछ ।

घमण्डी मानिसहरू म ठिक छु दाबि गर्छन् र उनीहरूमा मागको आत्मा हुन्छ । टुटेको मानिसहरू अरूको उपजमा ठिक भनि दबि गर्छन र उनिहरूमा नम्रताको आत्मा हुन्छ । घमण्डी मानिसहरू अझै आफ्नो सुक्ष्म गर्न खोज्छ, र ठिक छु भनि भन्छ र उनीहरू बढी प्रतिष्ठा खोज्छ । टुटेको मन भएको मानिसहरू आफैलाई इन्कार गर्छ ।

घमण्डी मानिसहरू आफैलाई सेवा गरोस् भन्ने चाहन्छन् टुटेको मन भएको मानिसहरू अरूलाई उत्प्रेरण गर्ने उत्साह दिने र सेवा गर्ने काम गर्दछन् ।

घमण्डी मानिसहरू आफु मात्र सफल होस भन्ने चाहन्छन् टुटेको मन भएको मानिसहरू अरूलाई उत्साह दिने र विश्वासनियता र अरूलाई सफलतामा डोऱ्याउछन् ।

घमण्डी मानिसहरूमा आफुलाई मात्रा बढी फाईदाहोस भन्ने चाहन्छन् टुटेको मानिसमा अझ पनि सफल होस भन्ने चाहन्छन् ।

घमण्डी मानिसहरू आफु मात्र बढी मात्र प्रतिष्ठा र सम्मानको इच्छा गर्दछ टुटेको मानिसहरूमा दयाको हुन्छ र परमेश्वरले सबैलाई प्रयोग गर्नुहुन्छ भनि इच्छा गर्दछ ।

घमण्डी मानिसहरूमा अरूहरूले प्रतिष्ठा कमाएको र मान सम्मान पाएको खुशी हुँदैन । टुटेको मानिसहरू अरूहरूले नयाँ उत्साह पाउँदा आफू पनि उत्साहित हुन्छ ।

घमण्डी मानिसहरूमा यस्तो अवचेतनाको आत्मा हुन्छ कि"यो सेवकाई यो मण्डली र सुव अवसर परमेश्वरले हामीलाई दिनुभएको उपहार हो," भनि भन्दैन उनिहरू यो त परमेश्वरले गर्नुहुन्छ भनि भन्दछ । टुटेको मानिसहरूले यो विचार गर्छ कि यो अवसर मेरो लागी हो परमेश्वरले मेरो लागी दिनुभएको प्रेमको कदर गर्नुपर्दछ र सँधै येशूको पछी दिइनु पर्छ भनि विचार गर्दछ । घमण्डी मानिसलाई हुन्छ कि म सबैकुरा गर्न सक्छु । टुटेको मानिस भित्र नम्रता र बढी सिक्न चाहान्छन् ।

पुनर्जीवित हाम्रो हृदय, ले लेखेको हो ।
(Nacy Demoss Wo/gemuth)

आफैबाट सुरुवात गर्नुहोस् (Begin with yourself)

यदि तपाईं जागृति चाहानुहुन्छ भने, आफैबाट सुरुवात गर्नुहोस्, आफैलाई परमेश्वरमा समर्पण गर्नुहोस् र उहाँले तपाईंलाई चलाउनुहुनछ तपाईं जे सुकै होस या नहोस परमेश्वर विना केही गर्न सक्दैन ? यदि तपाईं आत्मीक जीवन जागृ तगर्न चाहानुहुन्छ भने, पवित्र आत्मासँग समय विताउनुहोस तपाईंलाई भरिएर पोखिएर परमेश्वरले दिनुहुन्छ । प्रार्थनाले मरेको जागृतिलाई फेरि तजकिय जागृति बनाउछ । तपाईं परमेश्वरमा भरोस गर्नुहोस् । चिन्ता नलिनुहोस तपाईंलाई परमेश्वरले संसारले पाएको आशिष भन्दा फरक आशिष दिनुहुन्छ ।

B.T. Roberts.

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com